**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २१ गते**

प्रदेश ५ मा एकै दिन बाँके जिल्लाका १५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएको छ । यससँगै प्रदेश ५ मा कोरोना भाइरस सङ्मितको सङ्ख्या १७ पुगेको छ । वैशाख २० गते रुपन्देही र बाँकेमा गरी दुई जनामा पहिलो पटक सङ्क्रमण पुष्ट्रि भएको थियो । वैशाख २० गते कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएका बाँकेका ६० वर्षीय पुरूषको परिवार र टोलका व्यक्तिहरू रहेका छन् ।
बाँकेमा पहिलो पटक कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएपछि ९० जनाको स्वाब परीक्षणका लागि सङ्कलन गरेको थियो । जसमा ३० जनाको स्वाब परीक्षण गर्दा १५ जनामा कोरोना भाइरस पुष्ट्रि भएको हो । सङ्कलन गरिएका ६० जनाको स्वाबको परीक्षण रिर्पोट आउन बाँकी रहेको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती अचार्य**का अनुसार प्रमुख अधिकारी , नेपाल प्रहरीका एसपी, सशस्त्र प्रहरीका एसपी र राष्ट्रिय अनुसन्धानका एसपी लगायतको टोलीले सिमा नाका क्षेत्रमा अनुगमन गरेको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो । साथै जिल्लासँग जोडिएका जिल्लाहरुको सिमानामा समेत कडाइ गरिएको अनुगमन टोलीले जनाएको छ ।
लकडाउनको समयमा बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि भएको गुनासो आइरहेका बेला घरेलु तथा साना उद्योग कार्यालयको संयोजनमा वाणगङ्गा नपा क्षेत्रको जितपुरमा रहेका किराना, तरकारी, फलफुल र खाद्यान्न पसलमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा दैनिक उपभोग्य वस्तुको मूल्य बृद्धि बजारमा भने अनुसार नभेटिएको मूल्य वृद्धि गरेको नपाइएको घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत राजन केसीले बताउनु भयो ।
जिल्ला प्रशासन कार्यालयको निर्णय अनुसार वाणगङ्गा नपाले सामाजिक दुरीलाई कायम गर्दै साना योजनाका कामहरूलाई अगाडि वढाएको उपमेयर चक्रपाणी अर्यालले बताउनु भयो ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार माडी गाउँपालिकाको क्वारेण्टाइनमा रहेका १६ जना र रुन्टिगढी गाउँपालिका-३ स्थित हेमन्त आधारभूत विद्यालयको क्वारेन्ण्टाइनमा रहेका ५१ जनालाई आरडीटी कीट अभावमा परीक्षण नगरि घर पठाइएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लकडाउनका कारण दैनिक मजदूरी गर्न नपाएर खाद्यान्न जोहो गर्न नपाएका जिल्लाका १७ हजार ९ सय ३ परिवारलाई खाद्यान्न वितरण गरिएको छ ।
जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रका अनुसार तुलसीपुर उपमनपाका ५ हजार ४९, घोराही उपमनपाका १ हजार ९ सय २४, लमही नपाका २ हजार ७ सय ६४, राप्ती गाउँपालिकाका ७ सय ४६, गढवा गाउँपालिकाका २ हजार ९ सय ८६, राजपुर गाउँपालिकाका ७ सय ४१, बङ्गलाचुली गाउँपालिका ८ सय ९७, दङ्गीशरण गाउँपालिका ७ सय ५९, शान्तिनगर गाउँपालिकाका १ हजार ९२ र बबई गाउँपालिकाका ९ सय ४५ घरपरिवारलाई खाद्यान्न वितरण गरिएको छ ।
यसैगरी तुलसीपुर उपमनपाले दोस्रो चरणको राहत दिदा काम लिएरमात्रै राहत दिने निर्णय गरेपछि राष्ट्रिय जनमोर्चा दाङले वैशाख २१ गते विज्ञप्ती निकालेर विषम परिस्थितिमा उक्त निर्णय सच्याउन माग गरेको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार छिमेकी जिल्ला रुपन्देहीमा कोरोना सङ्क्रमणको पुष्टि भएसँगै जिल्लामा स्वाव परीक्षणकालागि नमूना सङ्कलनको दायरा बढाएको छ ।
वैशाख २१ गतेसम्म जिल्लाबाट पठाइएको १ सय ५२ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ ।
रुपन्देहीसँग सिमा जोडिएका स्थानमा आवतजावत कडाई गरिएको छ । अत्यावश्यक सवारी साधनलाई चेकजाचँ गरेर मात्रै प्रवेश दिइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपालगञ्ज उपमनपा-७ र ८ का आठ जना पुरूष र सात जना महिला गरि १५ जनामा कोरोना सङ्क्रमण पुष्ट्रि भएको छ । सङ्क्रमित सात देखि ६० वर्षसम्मका रहेका छन् । जिल्लामा सङ्मितको सङ्ख्या १६ पुगेको छ । सङ्क्रमितहरूको स्वास्थ्य अवस्था समान्य रहेको भेरी अस्पतालका मेसु डा. प्रकास थापाले बताउनु भयो ।
भारतको क्वारेण्टाइनमा रहेका २१ जना नेपालीहरू वैशाख २० गते सुइयाँ नाका हुँदै नरैनापुर गाउँपालिकामो आइपुगेका छन । नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद साहले नेपाल प्रवेश गरेका २१ जना नागरिक नेपाल भारत सिमा नजिक राखिएको बताउनु भयो । उनीहरू खानाको व्यवसथा गाउँपालिकाले गरेको गरेको छ ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार गुल्मीका स्थानीय तहले कोरोना भाईरसको परिक्षणका लागि किट, पीपीइ लगायतका स्वास्थ्य सामग्री र मजदुरहरुलाई राहत वितरणका लागि संघीय र प्रदेश सरकारबाट सहयोग माग गरेका छन् ।
जिल्ला समन्वय समिति मार्फत प्रदेश सांसदहरूको नेतृत्वमा प्रत्येक स्थानीय तहको क्वारेण्टाइन, राहत वितरण तथा लकडाउनका कारण प्रभावित योजनाहरूको अवस्थाको अनुगमन भइरहेको छ । अनुगमनकै क्रममा चन्द्रकोट गाउँपालिका, कालिगण्डकी गाउँपालिका र सत्यवती गाउँपालिकाका जनप्रतिनिधिहरूले स्वास्थ्य सामाग्री र राहतको बिषयमा थप प्याकेज ल्याउन प्रदेश र संघीय सरकारलाई आग्रह गरेका छन् ।
चन्द्रकोट गाउँपालिका प्रमुख दोर्ण बहादुर खत्रीले किट अभावका कारण क्वारेण्टाइनमा रहेका र भारत लगायतका मुलुकबाट गाउँ आएकाहरूको परीक्षण गर्न नसकिएको बताउनु भयो । इस्मा गाउँपालिका प्रमुख लक्ष्मण बिष्टका अनुसार स्थानीय तहहरू, जिल्ला समन्वय समिति र स्थानीय प्रदेश र। संघीय सरकाबीच काममा समन्वय नहुँदा समस्या परेको बताउनु भयो । उहाँले प्रदेश सरकारले स्थानीय तहसँग समन्वय नगरि जिल्लामा मान्छे पठाउने र स्वास्थ्य सामग्रीमा सहयोग नगरेको आरोप लगाउनुभयो ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी** का अनुसार जिल्ला प्रशासन कार्यालय बर्दियामा कोरोना भाइरस व्यवस्थापन समन्वय समितिको बैठकले बाँके र कैलाली जिल्लामा कोरोना भाइरस सङ्क्रमित भेटिएपछि लकडाउनमा थप कडाइ गर्ने, र आवत जावतमा समेत कडाइ गर्ने निर्णय गरेको छ ।
यसैगरी नेपालगञ्जमा मजदुरी, अध्ययन र अन्य पेशा व्यवसाय गर्दै बसेका र लकडाउन अवधिमा आएर बसेको व्यक्ति पहिचान गरी परिक्षणको दायरामा ल्याउने , बाँके, कैलाली लगायत कोरोना सङ्क्रमण देखिएको जिल्ला र तेस्रो मुलुकबाट आएका नागरिकलाई १४ दिन क्वारेण्टाइनमा राखिने,

जिल्ला  प्रवेश गर्ने सबै नाकामा ढुवानी तथा मानिसहरूको आवत जावत बन्द गर्ने निर्णय गरेको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**